जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३० • २०८३ साल आषाढ ५ गते शुक्रबार (19 June, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## महन्थ ठाकुरको कटाक्ष

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी, नेपालका संरक्षक महन्थ ठाकुरले सरकारको उच्च ओहोदामा रहेका व्यक्तिहरूको गतिविधिले औद्योगिक क्षेत्र त्रसित भएको टिप्पणी गरेका छन् ।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बिहीबार राष्ट्रियसभा सदस्यसमेत रहेका नेता ठाकुरले सरकारका मन्त्रीले निर्माण व्यवसायीको हातखुट्टा भाँच्ने धम्की दिएको उल्लेख गरे । उनले हातखुट्टा नभाँचेपनि औद्योगिक क्षेत्र ठिक ढंगले हिँड्न नसकेको व्यंगात्मक टिप्पणी गरे ।

उनले उद्योगी-व्यवसायीहरू लगातार पलायन भइरहेको उल्ललेख गर्दै नाफा आर्जन गर्न नसक्ने अवस्था भए उद्योग सञ्चालन गर्नुको औचित्य नहुने तर्क पनि गरे ।

उनले पूर्वाधार विकासमन्त्री सुनिल लम्सालको अभिव्यक्तितर्फ इंगित गर्दै हातखुट्टा भाँच्ने काममा व्यस्त रहेको कटाक्ष पनि गरे ।

लोकतन्त्रका लागि संघर्ष गरेका नेताहरू कोही जेल जाने अवस्थामा पुगेको र कोही गम्भीर रोगबाट पीडित रहेको भन्दै उनले वर्तमान अवस्था लोकतान्त्रिक आन्दोलनको लक्ष्यअनुरूप नभएको बताए ।

### रास्वपाको प्रथम महाधिवेशन

# मधेश प्रदेशका लागि विशेष व्यवस्था, सबै तहका प्रतिनिधि रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनमा मधेश प्रदेशको प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिएको छ ।

मधेश प्रदेशमा पर्सा जिल्ला बाहेकको सात जिल्लामा अधिवेशन हुन सकेको छैन । हरेक जिल्लामा कुटाकुटको स्थिति देखिएपछि अधिवेशन रोकिएको हो ।तर पर्सा जिल्लामा अधिवेशन सम्पन्न भइ नयाँ नेतृत्व चयन समेत भइसकेको छ ।



महाधिवेशनपछि जिल्ला र मधेश प्रदेशको अधिवेशन हुने निर्णय गरिसकेको रास्वपाले आसन्न राष्ट्रिय महाधिवेशनका लागि मधेस प्रदेशका सात जिल्ला (पर्सा बाहेक) का जिल्लाहरुका लागि विशेष व्यवस्था गरिएको छ । अधिवेशन हुन नसकेको देशको अन्य जिल्लाहरुका लागिपनि मधेश प्रदेशका जिल्ला जस्तै व्यवस्था गरिएको छ । केन्द्रीय निर्वाचन समितिले महाधिवेशनमा प्रतिनिधित्वका लागि विशेष व्यवस्थासम्बन्धी कार्यविधि सार्वजनिक गरेको छ ।

संगठन सुदृढीकरण र महाधिवेशनलाई समावेशी बनाउन यस्तो व्यवस्था गरिएको रास्वपाको निर्वाचन समितिले जनाएको छ । नयाँ व्यवस्था अनुसार प्रदेश र विभागहरू, जिल्ला र निर्वाचन क्षेत्र, तथा पालिका स्तरका लागि पनि प्रतिनिधि छनोटको मापदण्ड निर्धारण भएको छ ।

केन्द्रीय संगठन विभागका उपप्रमुख बोध नारायण श्रेष्ठले सङ्गठन सुदृढीकरण र महाधिवेशनलाई समावेशी बनाउन यस्तो व्यवस्था गरिएको जनाएका छन् ।

मधेश प्रदेशबाट रास्वपाले प्रतिनिधि सभाको चुनावमा ३२ मध्ये ३० सिट जितेको छ । समानुपातिक तर्फपनि भारी मत पाएको छ । तर पालिका, जिल्लाको नेतृत्व चयनमा सर्वाधिक विवाद मधेश प्रदेशमा नै देखिएको छ ।

सिरहाबाट सांसद समेत रहेका प्रदेश सभापति तपेश्वर यादवले मनपरी गर्न खोजेपछि जिल्लाहरुमा विवाद भएको आरोप लगाइएको छ । सिरहामा समेत अधिवेशनमा उनले हस्तक्षेप गरेपछि कुटाकुट भएको पार्टी केन्द्रिय कार्यालयमा जानकारी गराइएको छ ।

यस सम्बन्धमा उनले कुनै प्रतिकृया जनाएका छैनन् ।मधेश प्रदेशमा केहि पालिकाहरुमा समेत अधिवेशन हुन सकेको छैन ।

श्रेष्ठका अनुसार मधेश र अन्य जिल्लाको विशेष व्यवस्था अन्तरगत मधेश प्रदेशका ७ जिल्ला (पर्सा बाहेक) र अन्य प्रदेशका जहाँ जिल्ला अधिवेशन र निर्वाचन सम्पन्न हुन सकेका छैनन्, त्यहाँका लागि प्रतिनिधिको निश्चित मापदण्ड तोकिएको छ ।

महाधिवेशनबाट चयन हुने नेतृत्वमा मधेशीको समेत सहभागिता गराउन पार्टीले विशेष व्यवस्था गरेको छ ।

बारा जिल्ला विघटन भएको अवस्थामा रहेकाले त्यहाँबाट हाललाई प्रतिनिधित्व हुन नसक्ने जानकारी दिइएको छ । यद्यपि, पार्टी सचिवालयले विशेष निर्णय गरेमा सोही अनुसार हुने उनले बताएका छन् ।

केन्द्रीय पोर्टलमा दर्ता भएका सबै प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु स्वतः महाधिवेशन प्रतिनिधि हुनेछन् । प्रदेश अनुशासन, लेखा र निर्वाचन आयोगका पदाधिकारीहरू पनि प्रतिनिधि हुनेछन् । प्रदेश विभागहरूबाट प्रमुख, उपप्रमुख र सचिवले प्रतिनिधित्व गर्न पाउनेछन् । प्रदेश-काठमाण्डु सम्पर्क विभागबाट प्रमुखसहित तीन जना (एकजना महिला अनिवार्य) प्रतिनिधि रहने श्रेष्ठले जनाएका छन् । निर्वाचन हुन नसकेका जिल्लाहरूबाट जिल्ला सभापतिसहित तीन जना सदस्य (एकजना महिला अनिवार्य) प्रतिनिधि छानिने छन् । महिला नभएको खण्डमा दुई जना मात्र आउन पाउनेछन् । निर्वाचन क्षेत्रको हकमा, क्षेत्र खारेज नभएको भए एक जना संयोजक सहभागी हुन पाउने छन् । तर धनुषा जिल्लामा सभापति निलम्बित रहेकाले त्यसबारे नयाँ कार्यबिधिमा उल्लेख गरिएको छैन ।

निर्वाचन सम्पन्न भएका पालिकाहरूबाट सभापति वा निजले तोकेको एक जना पदाधिकारी प्रतिनिधि हुनेछन् । निर्वाचन सम्पन्न नभएका तदर्थ समिति भएका पालिकाहरूबाट पनि एक जना सभापति सहभागी हुन पाउनेछन्, तर प्रतिनिधि पठाइने व्यवस्था राखिएको छैन ।

सदस्य संख्याका आधारमा पालिकाबाट थप प्रतिनिधि छनोट हुने व्यवस्था गरिएको छ ।

दुई सय एक भन्दा बढी सदस्य भएको गाउँपालिकाबाट एकजना, चार सय एकजना बढी सदस्य भएको नगरपालिकाबाट दुई जना, पाँचसय एक भन्दा बढी सदस्य भएको उपमहानगरपालिकाबाट तीन जना र सात सय एक भन्दा बढी सदस्य भएको महानगरपालिकाबाट ४ जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

प्रथम महाधिवेशनबाट (रास्वपा) को केन्द्रीय पदाधिकारी संख्या १९ सदस्यीय हुने भएको छ । विधान संशोधन गर्दै रास्वपाले वरिष्ठ नेतासहित १९ सदस्यीय पदाधिकारी बनाउने निर्णय बिहीबार बसेको सचिवालय बैठकले गरेको हो ।

विधान संशोधन गर्दै एक वरिष्ठ र एक जना सहमहामन्त्री थपेर १९ सदस्यीय बनाउने निर्णय भएको हो । यसअघि सहमहामन्त्री चार जना र वरिष्ठ नेताको व्यवस्था थिएन ।

सचिवालयले केन्द्रीय समितिलाई एक सय ५१ सहित सात प्रदेशका सभापति पदेन हुने गरी एक सय ५८ सदस्यीय बनाउने निर्णय गरेको छ । यसअघि रास्वपाको केन्द्रीय समितिको संख्या पदेनसहित एक सय २९ सदस्यीय रहेको थियो ।

### कांग्रेस-एमाले-नेकपामा कलह

# अन्य दलमा पनि पुरानै रोग, पार्टीभन्दा विवाद ठूलो

**टुडे समाचारदाता**



जनकपुरधाम । प्रतिनिधि सभा सदस्य निर्वाचनमा पराजित भएका प्रतिपक्षी दलहरूमा आन्तरिक कलह उत्कर्षमा पुगेको छ । २०६५ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि निरन्तर सत्ता र शक्तिमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायतका दलहरू अहिले गम्भीर अन्तरविरोधमा फसेका छन् । मधेश केन्द्रित जसपा नेपाल, जनमत पार्टीलगायतका दलहरू भने अस्तित्व संकटको अवस्थामा पुगेका छन् ।

गत वर्ष भदौमा जेन-जी आन्दोलनका कारण कांग्रेस-एमाले गठबन्धन सरकार ढलेको थियो । भ्रष्टाचार र बेथितिविरुद्ध शुरु भएको उक्त आन्दोलनले पार्टी रूपान्तरणको मागलाई प्रमुख मुद्दा बनाएको थियो। त्यसपछिको प्रतिनिधि सभा निर्वाचनमा कांग्रेसले ३८, एमालेले २५, नेकपाले १७ र राप्रपाले पाँच सिटमा सीमित हुँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १८२ सिट जितेर करिब दुईतिहाइ बहुमत हासिल गरेको थियो ।

सत्ता र शक्ति दुवै गुमाएका पुराना दलहरूमा नेतृत्व परिवर्तन, नीति पुनरावलोकन र पार्टी पुनर्गठनको मागसँगै अन्तरविरोध चर्किएको छ । प्रतिनिधि सभाको चौथो ठूलो दल बनेको नेकपाको आन्तरिक विवाद सार्वजनिक रूपमै छताछुल्ल भएको छ ।

पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता झलनाथ खनालले पूर्वसहमति पालना नभएको भन्दै संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई २४ पृष्ठ लामो ३६ बुँदे आरोपपत्र बुझाएका छन् । उनले सहसंयोजक माधवकुमार नेपालमाथि समेत गम्भीर आरोप लगाउँदै दुवै नेता पार्टी र वाम आन्दोलनलाई सही दिशामा लैजान असफल भएको निष्कर्ष निकालेका छन् ।

तत्कालीन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत २५ घटक मिलेर गत वर्ष कार्तिक १७ गते नेकपा गठन भएको थियो । तर निर्वाचनमा अपेक्षित परिणाम नआएपछि प्रचण्ड र माधव नेपाललाई नेतृत्वबाट हटेर संरक्षकको भूमिकामा बस्नुपर्ने दबाब पार्टीभित्रै बढ्दै गएको छ ।

कार्यविभाजनलाई लिएर झलनाथ खनाल, वामदेव गौतम, डा. भीम रावललगायत नेताहरू असन्तुष्ट बने । खनाललाई विदेश विभाग प्रमुख बनाउने आश्वासन दिइएको भए पनि अन्ततः प्रमेश हमाललाई उक्त जिम्मेवारी दिइएपछि विवाद झन् बढेको बताइन्छ ।

प्रचण्ड निकट स्रोतका अनुसार, “झलनाथजीले विदेश विभाग प्रमुखको दाबी गर्नुभएको थियो । तर लिखित आरोपपत्र सार्वजनिक गरेपछि विषयलाई आन्तरिक रूपमा समाधान गर्ने सम्भावना कमजोर भयो । उहाँले हरिबोल गजुरेल, जनार्दन शर्मा, कुलप्रसाद केसीलगायत नेताहरूसंग मिलेर समानान्तर गतिविधि सञ्चालन गरिरहनुभएको छ ।”

उता कांग्रेस र एमालेभित्रको अन्तरविरोध पनि पेचिलो बन्दै गएको छ । गत वर्ष पुसमा गगन कुमार थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनमार्फत पार्टी नेतृत्व आफ्नो पक्षमा ल्याएका थिए। तर पूर्वसभापति शेरबहादुर देउवा पक्षले त्यसलाई पूर्ण रूपमा स्वीकार गर्न सकेको छैन ।

निर्वाचन आयोग र सर्वोच्च अदालतले नयाँ कार्यसमितिलाई वैधानिकता दिएपछि देउवा सभापतिबाट पदमुक्त भएका थिए । जेन-जी आन्दोलनले राजनीतिक परिदृश्य नबदलिएको भए उनी यही महिना छैटौँ पटक प्रधानमन्त्री बन्ने सम्भावना थियो ।

जेन-जी आन्दोलनमाथि सरकारले गरेको दमनपछि आन्दोलनकारीहरू आक्रोशित बनेका थिए । आन्दोलनका क्रममा देउवा दम्पतीमाथि निवासमै पुगेर आक्रमण गरिएको थियो । उपचारका लागि निर्वाचनअघि सिंगापुर गएका उनीहरू हालसम्म स्वदेश फर्किएका छैनन् ।

देउवा अनुपस्थित भए पनि कांग्रेसभित्र नियमित महाधिवेशन पक्षधर र विशेष महाधिवेशन पक्षधरबीचको संघर्ष जारी छ । कांग्रेसले आगामी मंसिरभित्र १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने कानुनी बाध्यता छ । त्यसका लागि महाधिवेशन आयोजक समिति गठन गर्ने विषयमै विवाद देखिएको छ। क्रियाशील सदस्यता अध्यावधिकको विषय पनि अर्को विवादको केन्द्र बनेको छ । संस्थापन पक्षले सदस्यता डिजिटल माध्यमबाट अद्यावधिक गर्नुपर्ने निर्णय गरेको छ । तर देउवा र शेखर कोइराला समूहका नेता-कार्यकर्ताले यसलाई अनावश्यक प्रक्रिया भन्दै अस्वीकार गरेका छन् ।


एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि नेतृत्व त्याग्न दबाब बढेको छ । पार्टी र सरकार सञ्चालनमा असफल भएको आरोप लगाउँदै ओली निकटकै नेताहरूले पुनर्गठनका लागि मार्गप्रशस्त गर्न सुझाव दिएका छन् ।

उपाध्यक्ष विष्णु पौडेल, शंकर पोखरेललगायत नेताहरूले नेतृत्व हस्तान्तरणको संकेत गरेका छन् । युवा नेताहरूले हस्ताक्षर अभियानसमेत चलाए पनि ओली राजीनामाका लागि तयार देखिएका छैनन् ।

चार पटक प्रधानमन्त्री बनेका ओलीलाई तेस्रो पटक पार्टी नेतृत्वमा ल्याउन सहज हुने गरी पार्टी विधान संशोधन गरिएको थियो । तर विद्यादेवी भण्डारीको सदस्यता नवीकरण रोक्ने निर्णयप्रति ईश्वर पोखरेल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्यलगायत नेताहरू असन्तुष्ट छन् ।

त्यस्तै पाँच सिट जितेको राप्रपा पनि विभाजनको चपेटामा परेको छ । पूर्वमहामन्त्री धवलशमशेर राणा पक्षले तत्काल महाधिवेशनको माग गरे पनि अध्यक्ष राजेन्द्र लिङ्देनसँग सहमति जुट्न सकेन ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सरकारले चुरोट बनाउने ?

सरकारलाई कुनै बेला सर्वाधिक राजस्व बुझाउने जनकपुर चुरोट कारखाना अब पूर्णरुपमा धराशायी भइसकेको छ । चुरोट कारखाना सञ्चालन गर्ने हरेक उद्योग मन्त्रीले घोषणा गर्छन् । तर त्यो सञ्चालन हुन सकेको छैन । देशवासीका लागि सरकारले आवश्यक औषधि बनाउन चासो देखाउदैन । तर चुरोट उत्पादन गर्ने मृत कारखानालाई पुनः सञ्चालन गर्ने प्रोपगन्डा गर्छ । सरकारले चुरोट अब चुरोट बनाउने होइन ? सुर्तीजन्य पदार्थको उत्पादनमा सम्पूर्णरुपमा रोक लगाउनु पर्छ । सुर्तीजन्य उत्पादन जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने भएकोले त्यसको उत्पादन, बेचबिखन बन्द गर्नुपर्छ । धार्मिक, सांस्कृतिक नगरी जनकपुरधाममा रहेको चुरोट कारखाना अब वस्तीको बीचमा परेको छ । खाली रहेको क्षेत्रमा निर्माण गरिएको चुरोट कारखाना क्षेत्रमा अहिले घनावस्ती रहेको छ । सडकमा पनि अत्यन्त भीडभाड हुन थालेको छ । वातावरणीय दृष्टिले पनि चुरोट कारखाना सञ्चालनको लागि स्वीकृति दिन मिल्ने छैन । वातावरणीय परीक्षणमा नै असफल हुने चुरोट कारखानालाई अन्य प्रयोजनमा ल्याउन उपयुक्त देखिन्छ । रुसले विगतमा पनि कारखाना सञ्चालन गर्न चासो देखाएको थियो । तर यहाँ जडान रहेका उपकरण बनाउने कारखाना रुसमा नै बन्द भएको दशकौं भइसकेको छ । जीर्ण उद्योगलाई सञ्चालन गर्ने सोच बनाउनु भन्दा त्यसलाई वातावरणीय दृष्टिले समेत उपयुक्त हुने र जनस्वास्थ्यमा नकारात्मक प्रभाव नपार्ने गरी वैकल्पिक उपयोगको विषयमा सोच्न आवश्यक छ । चुरोट कारखाना परिसरमा हाल मधेश प्रदेश सरकारको मुख्यालय र आवास रहेको छ । झण्डै साढे ३३ विघा जग्गामा फैलिएको चुरोट कारखाना भित्रको संरचनाहरु समेत काम नलाग्ने भइसकेको छ । संघीय र मधेश प्रदेश सरकारले मिलेर त्यसलाई मधेश प्रदेशको मुख्यालय समेत रहने गरी अत्याधुनिक संरचनाहरु निर्माण गरी अन्य कार्यहरु समेत गर्न सक्ने बनाउनु पर्छ । रुसले चासो देखाएको वीरगञ्ज चिनी मिल सञ्चालनका लागि पहल गरे त्यो अत्यन्त सकारात्मक हुनेछ । वीरगञ्ज चिनी मिल सञ्चालनले रौतहट, बारा र पर्सा जिल्लाका थुप्रै किसानहरु प्रत्यक्ष लाभान्वित हुनेछन् । त्यसमा प्रत्यक्ष रोजगारीको अवसर सृजना हुनेछ । चुरोट कारखाना सञ्चालन गर्ने सस्तो चर्चा पाउनु भन्दा रुसले गर्नै चाहेको हो भने वीरगञ्ज चिनी मिल पहिले सञ्चालन गर्न सरकारसित संवाद अगाडि बढाउनु पर्छ । उपराष्ट्रपतिलाई भेटेर चासो राख्नुको अर्थ छैन । त्यसका लागि संघीय सरकारको उद्योग मन्त्री, विदेश मन्त्री लगायतका सरोकारवाला अधिकारीहरुसित सहमति गर्नुपर्छ । दुई देशबीच सहमति भएपछि मात्र कार्य अगाडि बढ्न सक्छ । रुसले वीरगञ्जको चिनी मिल सञ्चालन गर्न चाहेको हो भने संघीय सरकारले पनि सहयोग गर्ने निश्चित छ । तर चुरोट कारखाना सञ्चालन गर्ने विषय समय सुहाउँदो होइन ।

# विगतका निर्णयहरूको कार्यान्वयन बिना जनकपुरधामको विकास सम्भव छैन



● प्रफुल्ल घिमिरे

जनकपुरधाम ! केवल एउटा भौगोलिक सहर मात्र होइन । यो मिथिला सभ्यताको मुटु हो । यो आस्था, संस्कृति, इतिहास, दर्शन र पहिचानको केन्द्र हो । यो त्यही भूमि हो जहाँको माटोसँग माता जानकीको स्मृति जोडिएको छ, जहाँको हावामा मिथिलाको सुगन्ध मिसिएको छ, जहाँका पोखरी, मठ-मन्दिर, कुटी, परिक्रमा मार्ग र सांस्कृतिक परम्पराले हजारौं वर्षको सभ्यताको कथा सुनाउँछन् । जनकपुरधाम नेपालको मात्र होइन, सम्पूर्ण मिथिला क्षेत्रको आत्मिक राजधानी हो । यही कारणले जनकपुरधामलाई हेर्ने दृष्टि सामान्य नगर विकासको दृष्टि मात्र हुन सक्दैन। यसको विकास भनेको यसको आत्मा जोगाउनु हो, यसको पहिचान बचाउनु हो, यसको इतिहास संरक्षण गर्नु हो र यसको मौलिकता भविष्यका पुस्तालाई हस्तान्तरण गर्नु हो ।

दुर्भाग्यवश आज जनकपुरधामको वास्तविक समस्या विकासको अभावभन्दा पनि विकासको गलत बुझाइ बनेको छ । विकासलाई केवल सडक, भवन, पार्क, गेट, सालिक र उद्घाटनसँग जोडेर हेर्ने प्रवृत्ति बढेको छ । तर विकासको आधारभूत प्रश्न ओझेलमा परेको छ–के हामीले आफ्नो इतिहास जोगाएका छौं ? के हामीले आफ्नो सभ्यता सुरक्षित गरेका छौं ? के हामीले विगतमा राज्यले गरेका निर्णयहरू कार्यान्वयन गरेका छौं ?

आज जनकपुरधामको अवस्थालाई नजिकबाट नियाल्दा एउटा तीतो यथार्थ देखिन्छ । यहाँ विकासका नाममा धेरै घोषणा भए, धेरै भाषण भए, धेरै शिलान्यास भए, धेरै उद्घाटन भए, तर विगतमा भएका महत्वपूर्ण निर्णयहरूको कार्यान्वयन भएन । परिणामस्वरूप जनकपुरधामका मूल समस्याहरू जस्ताका तस्तै छन्। अमूल्य सम्पदाहरु अतिक्रमण भइरहेका छन् । ऐतिहासिक पोखरीहरू संकटमा छन् । धार्मिक-सांस्कृतिक धरोहरहरू संरक्षणको अभावमा जीर्ण बन्दै गएका छन्। सर्वोच्च अदालतका फैसला कार्यान्वयन हुन सकेका छैनन् । मन्त्रिपरिषद्का निर्णयहरू फाइलभित्र थन्किएका छन् ।

यो अवस्था कुनै एउटा व्यक्ति, संस्था वा राजनीतिक दलको मात्र कमजोरी होइन । यो समग्र राज्य संयन्त्रको असफलता हो । अझ गम्भीर कुरा त के छ भने समस्याको पहिचान राज्यले धेरै पहिले गरिसकेको थियो। समाधानका उपाय पनि तय गरिसकेको थियो । तर कार्यान्वयनको अभावले जनकपुरधामलाई आजको अवस्थामा पुऱ्याएको छ ।

वि.सं. २०६२ साल साउन २६ गते नेपाल सरकार मन्त्रिपरिषद्ले जनकपुरधामभित्र रहेका ऐतिहासिक पोखरी, पोखरीका डिल, राम-जानकी मन्दिर, विभिन्न मठ-मन्दिर, कुटी तथा गुठी अन्तर्गत रहेका धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वका जग्गाहरूको संरक्षण तथा व्यवस्थापनका लागि उच्चस्तरीय कार्यदल गठन गरेको थियो । त्यो निर्णय तत्कालीन अवस्थामा अत्यन्त दूरदर्शी र महत्वपूर्ण मानिएको थियो । किनकि राज्यले पहिलोपटक जनकपुरधामका सम्पदामाथि भइरहेको अतिक्रमण, दोहन र विनाशलाई गम्भीर रूपमा स्वीकार गरेको थियो ।

कार्यदलले विस्तृत अध्ययन गऱ्यो । जनकपुरधामका ऐतिहासिक सम्पदाहरूको वास्तविक अवस्था बुझ्यो। कहाँ-कहाँ अतिक्रमण भएको छ, कुन सम्पदा जोखिममा छन्, कुन संरचनाहरू संरक्षणको अभावमा नष्ट हुँदैछन् भन्ने तथ्यहरू संकलन गरियो। त्यसपछि एउटा विस्तृत प्रतिवेदन तयार भयो । प्रतिवेदनले समस्या मात्र औंल्याएन, समाधानका स्पष्ट मार्ग पनि प्रस्तुत गऱ्यो ।

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले उक्त प्रतिवेदन स्वीकृत गऱ्यो। त्यसपछि मन्त्रिपरिषद्मा पेश गरियो। अन्ततः २०६२ माघ २७ गते मन्त्रिपरिषद्ले प्रतिवेदनलाई कार्यान्वयन गर्न निर्णय गर्यो। प्रतिवेदन सार्वजनिक पनि भयो। तर सार्वजनिक गरिएको प्रतिवेदन कार्यान्वयन भएन ।

**तर आज आम जनकपुर धाम वासिको मन मष्तिकमा प्रश्न उठिरहेको छ - त्यो निर्णय कहा हरायो ?**

यदि त्यो प्रतिवेदन कार्यान्वयन भएको भए आज जनकपुरधामका अधिकांश ऐतिहासिक पोखरी सुरक्षित हुने थिए । यदि त्यो निर्णय कार्यान्वयन भएको भए गुठीका अमूल्य सम्पत्तिहरू जोगिने थिए। यदि त्यो निर्णय कार्यान्वयन भएको भए धार्मिक तथा सांस्कृतिक महत्वका धेरै क्षेत्रहरू अतिक्रमणबाट मुक्त हुने थिए । यदि त्यो निर्णय कार्यान्वयन भएको भए आज जनकपुरधाम संरक्षणको एउटा नौलो उदाहरण बन्न सक्थ्यो ।



तर भयो ठीक उल्टो । निर्णय भएको झण्डै दुई दशक पुग्न लाग्दा पनि जनकपुरधामका ऐतिहासिक सम्पदाहरू झन् संकटमा परेका छन् । कतिपय पोखरीहरू आफ्नो मौलिक स्वरूप गुमाइसकेका छन् । कतिपय ढलको पानी र फोहोरको थुप्रोले भरिएका छन् । कतिपयका डिलहरू अतिक्रमण भएका छन्। कतिपयको क्षेत्रफल क्रमशः घट्दै गएको छ । कतिपय त नाम मात्रमा सीमित हुने अवस्थामा पुगेका छन् ।

एक समय थियो, जब जनकपुरधामलाई पोखरीहरूको शहर भनेर चिनिन्थ्यो । धार्मिक अनुष्ठान, सांस्कृतिक गतिविधि र सामाजिक जीवनसँग पोखरीहरूको घनिष्ठ सम्बन्ध थियो। प्रत्येक पोखरीसँग एउटा कथा थियो। प्रत्येक सरोवरसँग एउटा इतिहास थियो । धार्मिक-सांस्कृतिक गाथा थियो। प्रत्येक पोखरी सँग धार्मिक आस्था जोडिएको थियो । आज ती कथाहरू हराउँदै छन्। ती इतिहासहरू मेटिँदै छन्। ती आस्थाहरू उपेक्षित बन्दै गएका छन् ।

जनकपुरधामका पोखरीहरू केवल पानीका स्रोत होइनन् । ती मिथिला सभ्यताका अभिलेख हुन्। ती जनकपुरधामको मौलिक पहिचान हुन्। ती वातावरणीय सन्तुलनका आधार हुन्। ती धार्मिक जीवनका अभिन्न अंग हुन्। ती पर्यटनका सम्भावित केन्द्र हुन् । त्यसैले पोखरीको संरक्षण भनेको केवल एउटा जलाशय बचाउनु होइन; एउटा सभ्यता बचाउनु हो ।

यसैगरी गुठी अन्तर्गतका जग्गा, मठ-मन्दिर, कुटी, फूलबारी, बन-बगैचा र धार्मिक सम्पत्तिहरू पनि निरन्तर दबाबमा परिरहेका छन् । राज्यले पहिचान गरिसकेका धेरै सम्पत्तिहरू अझै प्रभावकारी संरक्षणको प्रतीक्षामा छन् । कतिपय स्थानमा सार्वजनिक सम्पदामाथि निजी स्वार्थ हावी भएको देखिन्छ। यो केवल कानुनी समस्या होइन, नैतिक संकट पनि हो ।

जनकपुरधामसँग सम्बन्धित अर्को अत्यन्त महत्वपूर्ण विषय सर्वोच्च अदालतको फैसला हो। वि.सं. २०६२ जेठ २४ गते सर्वोच्च अदालतले जनकपुरधामको अन्तर्गृह परिक्रमा क्षेत्रको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वलाई स्वीकार गर्दै संरक्षणसम्बन्धी महत्वपूर्ण आदेश दिएको थियो ।

अन्तर्गृह परिक्रमा केवल सडकको घेरा होइन। यो हजारौं वर्षदेखि चलिआएको धार्मिक परम्परा हो। यो मिथिलाको आध्यात्मिक यात्राको प्रतीक हो । यस क्षेत्रमा श्रद्धा, विश्वास र धार्मिक मर्यादाको विशेष महत्व छ । सर्वोच्च अदालतले यही संवेदनशीलतालाई आत्मसात गर्दै फैसला गरेको थियो । तर दुःखको कुरा, त्यो फैसला आजसम्म पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । जब सर्वोच्च अदालतका आदेश कार्यान्वयन हुँदैनन्, तब नागरिकले राज्यप्रति विश्वास कसरी गर्ने ? जब मन्त्रिपरिषद्का निर्णयहरू कागजमा सीमित हुन्छन्, तब सुशासनको अर्थ के रहन्छ ? जब सार्वजनिक सम्पदा संरक्षणका निर्णयहरू बेवास्ता गरिन्छन्, तब विकासको दाबी कति विश्वसनीय रहन्छ ? यी प्रश्नहरूको जवाफ खोज्ने समय अब आइसकेको छ ।

अझ चिन्ताजनक विषय त के छ भने अतिक्रमण हटाउनुपर्ने भनी राज्यले पहिचान गरेका कतिपय क्षेत्रहरूमा उल्टै निजी गतिविधिहरू विस्तार भइरहेको देखिन्छ । पयस्वनी सर त्यसको एउटा उदाहरण हो। धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने यस क्षेत्रको अध्ययन -संरक्षण, उत्खनन र पुनर्जीवन हुनुपर्ने थियो । तर संरक्षणभन्दा बढी अन्य गतिविधिहरू प्राथमिकतामा परेको देखिँदा नागरिकहरू चिन्तित हुनु स्वाभाविक हो ।

वास्तवमा जनप्रतिनिधिहरूले बुझ्नुपर्ने कुरा के हो भने उनीहरू कुनै समूह वा व्यक्तिको मात्र प्रतिनिधि होइनन्। उनीहरू सम्पूर्ण जनताको प्रतिनिधि हुन् । उनीहरूको पहिलो कर्तव्य सार्वजनिक सम्पदा जोगाउनु हो। उनीहरूको पहिलो जिम्मेवारी कानुनको शासन कायम गर्नु हो। उनीहरूको पहिलो धर्म इतिहास र संस्कृतिको संरक्षण गर्नु हो ।

आज जनकपुरधामलाई नयाँ सपना देखाउने भाषण आवश्यक छैन । जनकपुरधामलाई आवश्यक छ–विगतमा गरिएका प्रतिबद्धताहरूको सम्मान। आवश्यक छ–पुराना निर्णयहरूको कार्यान्वयन। आवश्यक छ–राजनीतिक इच्छाशक्ति। विकासको नाममा गरिने प्रचार कार्यक्रमहरू क्षणिक हुन्छन्। सामाजिक सञ्जालका तस्वीरहरू केही दिनमै हराउँछन् । उद्घाटनका ब्यानरहरू केही घण्टामै हट्छन् । भाषणका शब्दहरू समयसँगै बिर्सिन्छन् । तर संरक्षण गर्न नसकिएका सम्पदाहरूको क्षति पुस्तौंसम्म रहिरहन्छ ।

यदि जनकपुरधामका पोखरीहरू हराए भने भावी पुस्ताले हामीलाई क्षमा गर्ने छैनन् । यदि मठ-मन्दिर र कुटीहरूको ऐतिहासिक स्वरूप नष्ट भयो भने इतिहासले हामीलाई जिम्मेवार ठहर गर्नेछ । यदि गुठीका सम्पत्तिहरू हराए भने त्यो केवल सम्पत्तिको क्षति हुनेछैन, सभ्यताको क्षति हुनेछ ।

आज जनकपुरधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने चर्चा पनि हुने गर्छ । निस्सन्देह जनकपुरधामसँग विश्व सम्पदा बन्ने पर्याप्त आधार छन् । माता जानकीको जन्मस्थलीको रूपमा यसको अन्तर्राष्ट्रिय महत्व छ । मिथिला सभ्यताको केन्द्रको रूपमा यसको ऐतिहासिक महत्व छ । धार्मिक पर्यटनको केन्द्रको रूपमा यसको सांस्कृतिक महत्व छ । तर एउटा प्रश्न हामीले आफैसँग सोध्नुपर्छ– आफ्ना सम्पदा जोगाउन नसक्ने समाजले विश्व सम्पदाको दाबी कसरी गर्ने ?

विश्व सम्पदा बन्ने पहिलो शर्त आफ्नो सम्पदाप्रति जिम्मेवार हुनु हो । संरक्षणको संस्कृति विकास गर्नु हो। कानुन कार्यान्वयन गर्नु हो। सार्वजनिक सम्पत्तिको रक्षा गर्नु हो ।

त्यसैले आज जनकपुरधामको विकासको बहस नयाँ आयोजना घोषणा गर्ने बहस होइन । यो संरक्षणको बहस हो । यो कार्यान्वयनको बहस हो। यो उत्तरदायित्वको बहस हो ।

हामीलाई नयाँ प्रतिवेदन चाहिएको छैन । नयाँ अध्ययन चाहिएको छैन । नयाँ आयोग चाहिएको छैन। राज्यसँग पर्याप्त अध्ययन छन् । पर्याप्त निर्णय छन्। पर्याप्त कानुनी आधार छन् । अभाव छ त केवल कार्यान्वयनको ।

त्यसैले आजको आवश्यकता राजनीतिक स्टन्ट होइन, राजनीतिक इच्छाशक्ति हो । प्रचार होइन, परिणाम हो । भाषण होइन, काम हो। घोषणापत्र होइन, कार्यान्वयन हो ।

मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन गरियोस् । सर्वोच्च अदालतका आदेशहरू सम्मानपूर्वक लागू गरियोस्। अतिक्रमित सार्वजनिक सम्पत्तिहरू फिर्ता गरियोस् । ऐतिहासिक पोखरीहरूको संरक्षण गरियोस् । गुठीका सम्पत्तिहरूको रक्षा गरियोस् । धार्मिक तथा सांस्कृतिक धरोहरहरूको पुनर्जीवन गरियोस् । जनकपुरधामको मौलिक स्वरूप जोगाइयोस् ।

यदि यति मात्र गर्न सकियो भने त्यो नै जनताप्रतिको सबैभन्दा ठूलो सम्मान हुनेछ । त्यो नै जनकपुरधामप्रतिको सच्चा सेवा हुनेछ। त्यो नै भावी पुस्ताप्रतिको उत्तरदायित्व हुनेछ ।

**अन्यथा इतिहासले हामीलाई कठोर प्रश्न सोधिरहनेछ–जब जनकपुरधामका सम्पदाहरू संकटमा थिए, तब जिम्मेवारहरू कहाँ थिए ?**

आज पनि समय बाँकी छ । निर्णयहरू जीवित छन् । कानुन जीवित छ । अदालतका आदेश जीवित छन् । जनताको आशा पनि जीवित छ । आवश्यक छ त केवल इमानदार नेतृत्व, दृढ इच्छाशक्ति र कार्यान्वयनको साहस ।

जनकपुरधामको भविष्य नयाँ घोषणाले होइन, विगतका निर्णयहरूको निष्ठापूर्वक कार्यान्वयनले सुरक्षित हुनेछ । यही सत्य हो । यही आवश्यकता हो । यही जनकपुरधामको विकासको आधार हो ।

श्री जानकी माताले सबैलाई सद्बुद्धि प्रदान गरून्, जनकपुरधामको गौरव जोगाउने शक्ति प्रदान गरून्, र हामी सबैलाई आफ्नो इतिहास, संस्कृति र सभ्यताप्रति उत्तरदायी बन्न प्रेरणा प्रदान गरून् । अस्तु ।

# अन्तरजातीय विवाह व्यक्तिगत प्रेमकथाको इतिहास मात्र होइन



● रूका पाण्डे

नेपालको सामाजिक संरचना लामो समयदेखि जात व्यवस्थाले प्रभावित रहँदै आएको छ । विशेष गरी दलित समुदायलाई सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा पछाडि पारिएको इतिहास हामीले पनि सुन्न पाईरहेकै छौं । विवाहलाई जातीय शुद्धता कायम राख्ने माध्यमका रूपमा हेरिने भएकाले फरक जातबिच विवाह गर्नु सामाजिक रूपमा अस्वीकार्य मानिन्थ्यो ।

विगतमा दलित र गैरदलितबिच विवाह गर्ने जोडीहरू सामाजिक बहिष्कार, पारिवारिक सम्बन्ध विच्छेद र कतिपय अवस्थामा हिंसासमेतको सामना गर्न बाध्य हुन्थे । यद्यपि शिक्षा, शहरीकरण, लोकतान्त्रिक आन्दोलन र सञ्चार माध्यमको विस्तारसँगै समाजमा परिवर्तन आउन थालेको देखिन्छ ।नेपालमा अन्तरजातीय विवाहको विषय केवल दुई व्यक्तिको वैवाहिक सम्बन्धको प्रश्न होइन; यो सामाजिक संरचना, जातीय शक्ति सम्बन्ध, पारिवारिक नियन्त्रण र सामाजिक परिवर्तनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । विशेष गरी दलित र गैरदलितबिच हुने विवाहले नेपाली समाजमा गहिरोसँग जरा गाडेर बसेको जातीय सोचलाई चुनौती दिने भएकाले यसले लामो समयदेखि बहस र विवाद दुवै सिर्जना गर्दै आएको छ ।

यद्यपि संविधानले सबै नागरिकलाई समान अधिकार प्रदान गरेको छ र जातीय विभेदलाई कानुनी अपराध मानेको छ, व्यवहारिक जीवनमा भने अन्तरजातीय विवाह अझै पनि पूर्ण रूपमा सामान्य सामाजिक अभ्यास बन्न सकेको छैन । नेपाली समाजको विद्यमान यथार्थबाट पूर्ण रूपमा टाढा छैन । परिवारको स्वीकृतिले अन्तरजातीय विवाह गर्ने जोडीलाई भावनात्मक सुरक्षा, सामाजिक समर्थन र आर्थिक सहयोग प्रदान गर्न सक्छ । विशेष गरी जातीय पूर्वाग्रह अझै बलियो रहेका समुदायमा परिवारको साथले दम्पतीलाई सामाजिक दबाब र बहिष्करणबाट जोगाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । तर यहाँनेर के प्रश्न उठ्छ भने परिवारले स्वीकार गरेकै आधारमा विवाह सफल र अस्वीकार गरेकै आधारमा असफल हुन्छ ?

यदि परिवारको विरोधका बाबजुद कुनै जोडीले सम्मान, विश्वास र समानतामा आधारित जीवन बिताइरहेको छ भने त्यसलाई असफल भन्न मिल्छ ? र, परिवारको पूर्ण समर्थन प्राप्त विवाह सम्बन्धविच्छेदमा पुग्छ भने त्यसलाई सफल कसरी मान्ने ? यिनै प्रश्नहरूले अन्तरजातीय विवाहलाई केवल पारिवारिक स्वीकृतिको चस्माबाट नभई व्यापक सामाजिक र समाजशास्त्रीय दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता देखिन्छ ।

तर, परिवारको स्वीकृतिलाई विवाह सफलताको अन्तिम मापदण्ड मान्ने दृष्टिकोणको अर्को पक्ष पनि छ, जसबारे पर्याप्त चर्चा हुने गरेको छैन । नेपाली समाजमा परिवारको पूर्ण समर्थन र सहमतिमा सम्पन्न भएका धेरै विवाहहरू पनि पछि विभिन्न कारणले संकटमा परेका उदाहरणहरू प्रशस्त भेटिन्छन् ।

कतिपय अवस्थामा विवाहपछि दम्पतीबिचको सम्बन्ध बिग्रँदै जाँदा परिवारकै सदस्यहरू विवादको कारण बन्ने गरेका छन् । सासु-बुहारीबिचको तनाव, पारिवारिक हस्तक्षेप, आर्थिक निर्णयमा असहमति, स्वतन्त्र रूपमा जीवन जिउन नपाउने अवस्था, पारिवारिक अपेक्षाको अत्यधिक दबाब, वा दम्पतीको



एक अर्कालाई दिने सम्मानमा कमीले दम्पतीलाई मानसिक तनावतर्फ धकेल्ने गरेको पाइन्छ । अझ केही अवस्थामा परिवारको पूर्ण समर्थनमा विवाह गरेका जोडीहरू नै पछि अलग बस्न बाध्य भएका छन् भने माया प्रेम, र दम्पतीबिच असमझदारीले गर्दा तथा विवाहेत्तर सम्बन्धका कारण अन्ततः सम्बन्धविच्छेद हुने गरेका छन् । यसले के स्पष्ट पार्छ भने परिवारको स्वीकृति विवाहलाई सहज बनाउन सहयोगी हुन सक्छ, तर त्यसले वैवाहिक सम्बन्धको स्थायित्व वा सफलताको ग्यारेन्टी भने गर्दैन । यदि परिवारको समर्थन मात्र सफलताको आधार हुन्थ्यो भने परिवारकै उपस्थितिमा सम्पन्न भएका सबै विवाहहरू दीर्घकालीन रूपमा सफल हुनुपर्ने थियो ।

नेपालमा अन्तरजातीय विवाहको इतिहास केवल व्यक्तिगत प्रेम कथाको इतिहास होइन; यो सामाजिक शक्ति, जातीय संरचना र परिवर्तित सङ्घर्षको इतिहास हो । शताब्दीयौँसम्म जातीय व्यवस्थाले विवाहलाई सामाजिक सीमा कायम राख्ने माध्यमका रूपमा प्रयोग गऱ्यो । दलित समुदायसँग वैवाहिक सम्बन्ध जोडिनु सामाजिक रूपमा अस्वीकार्य मानिन्थ्यो । आज कानुनी रूपमा समानता स्थापित भएपनि व्यवहारिक स्तरमा अन्तरजातीय विवाह अझै पनि चुनौतीपूर्ण छ ।

अन्तरजातीय विवाह केवल व्यक्तिगत सम्बन्धको विषय मात्र होइन; यो जातीय संरचना तोड्ने सामाजिक प्रक्रियासमेत हो । जब दलित र गैरदलितबिच विवाह हुन्छ, त्यो केवल दुई व्यक्तिको सम्बन्ध होइन, दुई सामाजिक समूहबिचको दूरी घटाउने अभ्यास पनि हो । यसले समाजमा 'हामी र उनीहरू' भन्ने विभाजनलाई कमजोर बनाउँदै समानताको नयाँ अभ्यास स्थापित गर्न मद्दत गर्छ ।

यस्ता विवाहहरूले दीर्घकालमा जातीय पूर्वाग्रह घटाउने, सामाजिक अन्तरघुलनलाई बढाउने र नयाँ पुस्तामा समानताको सोच विकास गर्ने सम्भावना बोकेका हुन्छन् ।उदाहरणका रूपमा, कुनै गाउँमा दलित युवक र गैरदलित युवतीबिच विवाह भएपछि सुरुमा परिवार र समुदायमा विरोध देखिन्छ । तर समयसँगै उनीहरूका सन्तान, चाडपर्वमा सहभागिता र पारिवारिक सम्बन्ध विस्तार हुँदै जाँदा पहिले असम्भव ठानिएको सम्बन्ध सामान्य बन्दै जान्छ । यसले सामाजिक दूरी क्रमशः घटाउने प्रक्रिया सुरु गर्छ । यसैकारण अन्तरजातीय विवाहलाई केवल व्यक्तिगत निर्णय होइन, सामाजिक रूपान्तरणको एउटा माध्यमका रूपमा पनि हेरिन्छ ।

त्यसैले विवाहको सफलतालाई केवल परिवारको स्वीकृतिको आधारमा मापन गर्नु पर्याप्त हुँदैन । सफल विवाह त्यो हो, जहाँ दुई व्यक्तिबिच सम्मान, विश्वास, समानता र आपसी समझदारी हुन्छ । परिवारको समर्थनले त्यो यात्रा सहज बनाउन सक्छ, तर त्यसको अनुपस्थितिले सम्बन्ध स्वतः असफल हुन्छ भन्ने निष्कर्ष निकाल्नु पनि सही होइन ।

समग्रमा हेर्दा, दलित-गैरदलित विवाहको अस्वीकार्यता एक जटिल सामाजिक मुद्दा हो, जसलाई केवल जातीय दृष्टिकोणले मात्र बुझ्न सकिँदैन । यसमा जात, वर्ग, प्रतिष्ठा, परम्परा र सामाजिक दबाब सबै मिसिएका हुन्छन् । वास्तविक परिवर्तनका लागि कानुनी व्यवस्थासँगै सामाजिक चेतना, शिक्षा र मानव सम्बन्धलाई जातभन्दा माथि राख्ने सोचको विकास आवश्यक देखिन्छ ।

## प्रतिनिधिसभाः 'ऊर्जा क्षेत्रलाई आर्थिक रुपान्तरणको मुख्य आधार

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बजेटमार्फत ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा स्थापित गरेको बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत ऊर्जा मन्त्रालयका विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले विद्युत् उत्पादन, व्यापार, पूर्वाधार र औद्योगिकीकरणलाई एकीकृत रूपमा अघि बढाउन विगतका तुलनामा पर्याप्त बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "दिगो विद्युत् आपूर्तिको मेरुदण्डका रूपमा मानिने प्रसारण लाइन र सवस्टेशन पहिलोपटक सरकारको उच्च प्राथमिकतामा परेको छ ।" सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ऊर्जा मन्त्रालयका लागि कुल रु एक खर्ब १४ अर्ब दुई करोड ८२ लाख बजेट विनियोजन गरेको छ। त्यसमध्ये ऊर्जातर्फ रु ७० अर्ब १२ करोड ४६ लाख र जलस्रोत तथा सिँचाइतर्फ रु ४३ अर्ब ९० करोड ३६ लाख विनियोजन गरिएको जानकारी दिनुभयो।

आगामी आवभित्रै १३२ केभी क्षमताका नौ वटा, २२० केभीका दुई वटा र नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना एउटा गरी १२ वटा रणनीतिक महत्वका प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मन्त्रालयले कार्ययोजना अघि बढाएको उहाँको भनाइ छ।

"नेपालको ऊर्जा क्षेत्रका लागि आगामी आव उपलब्धिमूलक हुन्छ भन्ने विश्वास लिएका छौँ, चालु आवको अन्त्यसम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन करिब सात हजार ४८ सर्किट किलोमिटर सम्पन्न हुनेछ", ऊर्जामन्त्री श्रेष्ठले भन्नुभयो। ऊर्जा क्षेत्रको रुपान्तरणका लागि सरकार यतिबेला प्रस्थानबिन्दुमा रहेको जानकारी दिँदै उहाँले यसपटक बजेट छर्नेभन्दा लामो समयदेखि अलपत्र आयोजनालाई शीघ्र सम्पन्न गर्ने र यसैवर्ष पूरा हुने आयोजनालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको उल्लेख गर्नुभयो।

आगामी आर्थिक वर्षभित्र जलविद्युत् आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी कुल एक हजार ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने जानकारी दिँदै ऊर्जामन्त्री श्रेष्ठले आगामी १० वर्षमा विद्युत्को जडित क्षमता ३० हजार मेगावाट पुऱ्याउने लक्ष्य लिइएको बताउनुभयो। "उत्पादित विद्युत् खेर जान नदिन र उपभोक्तासम्म दिगो आपूर्ति सुनिश्चित गर्न सरकारले उत्पादनभन्दा बढी प्रसारण र वितरण प्रणाली सुदृढीकरणमा जोड दिइएको छ", उहाँले भन्नुभयो।

राहुघाट जलविद्युत् आयोजनाको निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने, निर्माणाधीन तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशूली-३ बि र बूढीगङ्गा आयोजनाको निर्माणलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ। नलगाड जलविद्युत् आयोजनाको अध्ययन कार्य सम्पन्न भइ वित्तीय ढाँचा तयार भइरहेको जानकारी दिँदै उहाँले माथिल्लो अरुण, उत्तरगङ्गा, चैनपुर सेती, नौमुरेलगायत आयोजनाको कार्य योजना निर्माण भइरहेको बताउनुभयो।

"बूढीगण्डकी जलाशययुक्त आयोजनाका निम्ति निर्माण पूर्वको कार्यका लागि पर्याप्त बजेट विनियोजन गरेका छौँ। साथै दूधकोशी जलाशययुक्त आयोजनाको 'फाइनान्सियल क्लोजर' सम्पन्न गरी ठेक्का प्रक्रिया सुरु गर्ने तयारीमा जुटेका छौँ" । रासस

# मधेशको कैलासः लोकआस्था र विश्वासको प्रतीक

महोत्तरी । चुरे पहाडी शृंखलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेश मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक रहँदै आएको छ। थुम्कोको फेदीमा नदी र खोल्सीहरुमा कलकल बग्ने कञ्चन पानी। अनि चुरे काछको पहाडी शृृ लामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय। यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका-५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ। पूर्व-पश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ। बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिन्छ। माण्डवीगंगा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ। फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई 'मधेसको कैलास' पनि भन्ने गरिन्छ। प्रत्येक वर्ष साउन महिनाभरि लाखौँ श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले 'नेपालको बाबाधाम' पनि भन्ने गर्दछन्।

भारतको झारखण्ड राज्यको देवघरस्थित वेद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ। त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन-चार दिन लाग्दछ। सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा 'बोलबम' पुकार्दै दर्शनार्थी देखिन्छन्। यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको 'बाबाधाम' भनिएको बर्दिबास-५ चेरुका ८० वर्षीय राजन पौडेल बताउनुहुन्छ।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ। अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रुपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिनुभएको यहाँका पाकाजन बताउँछन्। "अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ" नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्ले भन्नुहुन्छ, "यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौँ।"



माण्डवीगंगा (मडहा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ। शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रुपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगंगा, वरुणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आउनुभएका गौशाला-४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउनुहुन्छ।

"यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरुका साथ यहाँ बिहार गर्न आउँथे" महतो भन्नुहुन्छ, "माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरुमा वर्णन पाइन्छ।" माण्डवीका सखीहरु स्वर्णमती र वरुणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उहाँको कथन छ। "यी सबै हामीले आफ्नै बाबु/ बाजेबाट सुनेका कथा हुन्" उहाँले भन्नुभयो। टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन्। यी ठाउँ राजा जनक र उहाँका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ।

विसं २००२ मा डिठ्ठा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए। त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ। शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका छन्। "यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभारतकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ" जलेश्वर-५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्नुहुन्छ।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिरालाल गौतमको भनाइ छ। "यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ" गौतम भन्नुहुन्छ, "गत आर्थिक वर्ष २०८१/८२ देखि मधेस प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ।" यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्बर्द्धनका लागि अभिरुचिपूर्वक चासो लिएको उहाँको भनाइ छ।

यसैबीच, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलास भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनपर्ने बताउनुभएको छ। "यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ" मुख्यमन्त्री यादव भन्नुहुन्छ, "यो मधेसको मात्र नभएर मुलुककै धार्मिक आस्थाको केन्द्र हो, यसका लागि केन्द्र सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नेछ।"

मधेसको कैलास भनिने टुटेश्वरनाथको संरक्षण, सम्बर्द्धन र विकासका लागि यसलाई ट्रष्टमा लान नगरवासीको सुझाव छ। "यहाँ गरिन पर्ने मुख्य दुई काम छन्" बर्दिबास-५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्नुहुन्छ, "पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो।" यी सबै कामको केन्द्रमा यसलाई ट्रष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उहाँले स्पष्ट पार्नुभयो। थापाजस्तै बर्दिबास-५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई ट्रष्टमा लान पर्ने बताउनुहुन्छ।

माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गर्दा मनोवाञ्छित फल पाइने श्रद्धालुहरुको विश्वास छ। "मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ" दण्डीबाबा उपनामले चिनिने रजखोरका वासुदेव महतो भन्नुहुन्छ, "यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उहाँले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु।"

पूर्व-पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरुले माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उहाँको गुनासो छ। यी नदीहरुको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ। "यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ" महतो भन्नुहुन्छ, "यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस्।"

टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहनुभएका मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ।रासस


### भूमि प्रशासन कार्यालय महोत्तरी जलेश्वर
### हक दावि सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना

जि. महोत्तरी सोनमा गा.वि.स. बडा नं. ४. हाल औरही न.पा.वडा नं.८ मा बस्ने नारायण श्रेष्टको नाती श्री ज्ञान कुमार श्रेष्टको छोरा जोग कुमार श्रेष्टको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी भोईल टिमकिया गा.वि.स. वडा नं.४ कि.नं.७२/४५६ को ०-४-१५ जग्गा दर्ता रही सो जग्गाको ज.ध.द.प्र.पु.को मोही महलमा प्रतिवादी मोही जि.म. औरही गा.वि.स. वडा नं.८. हाल बसोबास घर नभाएको श्रवण कुमार राना मगरको नाउँ उल्लेख भएको निज गाँउघर समेत छाडी भागी वेपत्ता भै सकेका छन। साथै निजको हक खाने भू.सु.ऐन २०२१ को दफा २६ को उपदफा १ अनुसारको कुनै हकदार - समेत नरहेकोले उक्त जग्गाको स्रेस्ता पुर्जाको मोही महलबाट श्रवण कुमार राना मगरको नाउँ कट्टा गरी पाउँ भन्ने व्यहोराको फिरादी ज.ध.ले फिराद पत्र दर्ता हुन आएकोमा मोही श्रवण कुमार राना मगरको नाउँमा कारबाहीको सिलसिलामा मिति २०८३/०२/२९ मा भएको आदेशाअनुसार यो हक दाविसम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ। अत यि फिरादी ज.ध.को नाउँमा कायम रहेको जि. महोत्तरी भोईल टिमकिया गा.वि.स. बडा नं ४ कि.नं. ७२/४५६ को ०-४-१५-० जग्गा ज.ध. सेस्ताको मोही महलमा अंकित मोही श्रवण कुमार राना मगर वा निजको हक अपुताली खाने नजिकको हकदार कोही भए आफ्नो ठोस प्रमाण लिइ यो सुचना प्रकाशित भएको बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो सबुत प्रमाण लिइ आफै वा वारेश मार्फत पठाइ कानुन बमोजिम हाजिर हुन आउनु होला। म्यादभित्र नआएमा वा गुजारी बसेमा कानुन बमोजिम हुनेछ। पछि कुनै किसिमको उजुर बाजुर लाग्ने छैन।

### भूमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट
### मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही मरुवा भएकोले मोही लगत कट्टा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई माही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

तपसील

| ज.ध.को नाम | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| हरिशंकर साह | रौतहट | सबगाढा | ८क | ७/२८७ | ०-३-० |

मोही- सेः असर्फी, सवगाढा ६. यसमा उपरोक्तानुसारको जग्गाको मोही सेख असर्फी भई निज मोही अविवाहीत नै २०२९ सालमा प्रलोक भई सकेको र निज का हकवाला छोरा, छोरी, धर्मपुत्र, दाजु भाई कोही नरहेको उक्त जग्गा म ज.ध. कै जोतभोगमा रहेकोले मरुवा मोही लगत कट्टा गरि पाउ भनि मांग गरेको ले मोहीका हकदावी सम्बन्धि यो सूचना प्रकासित गरिएको छ। माहीको हकवाला कोही भए मरुवा मोही लगत कट्टा नहुने कुनै प्रमाण भए सो प्रमाण सहित मोहका हकवालाले यो सूचना प्रकासित भएको मितिले बाटो को म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा उजर गर्न उपस्थित हुन आउनु होला, म्याड मित्र उपस्थित नभए नियमानुसार मोहीलगत कट्टा भए जाने छ। पछि कुनै उजुर लाग्ने छैन।

### भूमि प्रशासन कार्यालय महोत्तरी जलेश्वर
### हक दावि सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना

जि. महोत्तरी सोनमा गा.वि.स. बडा नं. ४ हाल औरही न.पा. वडा नं.८ मा वस्ने नारायण श्रेष्टको नाती श्री ज्ञान कुमार श्रेष्टको छोरा अर्जुन कुमार श्रेष्टको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी भोईल टिमकिया गा.वि.स. वडा नं.४ कि.नं.७२/४५५ को ०-४-१५ जग्गा दर्ता रही सो जग्गाको ज.ध.द.प्र.पु.को मोही महलमा प्रतिवादी मोही जि.म. औरही गा.वि.स. वडा नं.८ हाल बसोवास घर नभएको श्रवण कुमार राना मगरको नाउँ उल्लेख भएको निज गाँउघर समेत छाडी भागी वेपत्ता भै सकेका छन। साथै निजको हक खाने भू.सु.ऐन २०२१ को दफा २६ को उपदफा १ अनुसारको कुनै हकदार समेत नरहेकोले उक्त जग्गाको स्रेस्ता पुर्जाको मोही महलबाट श्रवण कुमार राना मगरको नाउँ कट्टा गरी पाउँ भन्ने व्यहोराको फिरादी ज.प्र.ले फिराद पत्र दर्ता हुन आएकोमा मोही श्रवण कुमार राना मगरको नाउँमा कारबाहीको सिलसिलामा मिति २०८३/०२/२९ मा भएको आदेशाअनुसार यो हक दावि सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ। अत यि फिरादी ज.ध.को नाउँमा कायम रहेको जि. महोत्तरी भोईल टिमकिया गा.वि.स. वडा नं ४ कि.नं. ७२/४५५ को ०-४-१५-० जग्गा ज.ध. स्रेस्ताको मोही महलमा अंकित मोही श्रवण कुमार राना मगर वा निजको हक अपुताली खाने नजिकको हकदार कोही भए आफ्नो ठोस प्रमाण लिइ यो सुचना प्रकाशित भएको वाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो सबुत प्रमाण लिइ आफै वा वारेश मार्फत पठाइ कानुन बमोजिम हाजिर हुन आउनु होला। म्यादभित्र नआएमा वा गुजारी बसेमा कानुन बमोजिम हुनेछ। पछि कुनै किसिमको उजुर बाजुर लाग्ने छैन।

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, मटिहानी न.पा.वडा नं. ५ घर भई महोत्तरी जिल्ला मटिहानी न.पा. वडां. ०५ बस्ने राम सागर नायक को नाति विल्टु नायक को छोरा वर्ष ५३ को महेन्द्र नायक को मिति २०७७/१०/०४ गते मृत्यु भएकोले यस बैंकमा महेन्द्र नायक र चन्द्रावती देवी को नाममा रहेको संयुक्त खाता नं. १८८१५२४१४१८७७२ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको पत्नी चन्द्रावती देवी ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

नेपाल एसबिआई बैंक लि.
जनकपुर शाखा, जनकपुर- २, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

### भूमि प्रशासन कार्यालय मौलापुर, रौतहट
### ३५ दिने सार्वजनिक सूचना

जि.रौ.साविक गा.वि.स.मर्यादपुर वार्ड नं. ४ हाल मौलापुर न.पा. वडा नं.२मा बस्ने प्रतिमा देवी यादवले आफ्नो सासु आमा नाताको संझा देवी यादबनीको नाम दर्ताको तपसिलमा उल्लेखित जग्गाहरु आफ्नो नाममा एकलौटी नामसारी गर्न दर्ता नं. ५५४६ मिति २०८३/०१/२३ गतेको माग निवेदन।

तपसिल

| गा.पा./ न.पा. | वडा नं | कि.न | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| मर्यादपुर | ५ | ४३६ | ०-४-१८ | संझा देवी यादव |
| मर्यादपुर | ५ | ५२० | ०-५-० | संझा देवी यादव |
| मर्यादपुर | ३ | ४८५ | ०-१६-१६ | संझा देवी यादव |
| मर्यादपुर | ३ | ४८७ | ०-६-१४ | संझा देवी यादव |
| मर्यादपुर | ३ | ४८९ | ०-४-१४-८ | संझा देवी यादव |
| मर्यादपुर | ३ | ४९१ | ०-४-० | संझा देवी यादव |
| मर्यादपुर | ५ | ४३६ | ०-४-१८ | संझा देवी यादव |
| मर्यादपुर | ५ | ८२६ | ०-४-१८ | संझा देवी यादव |
| मर्यादपुर | ४ | ६१४ | ०-४-१० | संझा देवी यादव |
| मर्यादपुर | ५ | ८४९ | ०-१-१५ | संझा देवी यादव |
| मर्यादपुर | ३ | ४४५ | ०-६-५ | संझा देवी यादव |

माथि उल्लेखित जग्गाको मोठ भिडान हुदा श्रेस्तामा ज.ध.को नाम संझा देवी यादव, वतन मर्यादपुर वार्ड नं. ४, पति हरिशंकर राय , बाबु जियालाल राय ना.प्र.नं.५६५ जारी मिति २०४३/०४/२९ मात्र उल्लेख रही मोठ कायम रोक्का देखिदैन् भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ। मौलापुर न.पा.वडा न.२को च.नं.९२१ मिति २०८३-०१-२१ गतेको पत्रबाट ज.ध. संझा देवी यादबनी र निजको एकमात्र श्रीमान् हरिशंकर राय यादवको मृत्यु पश्चात हक खाने एकमात्र छोरो मुक्तिनारायण राय यादव रहेकोमा निजकोपति आफ्नो कालगतिले मृत्यु भई निजकी शेषपछि हक खाने सबभन्दा नजिकको हकदार निजको एकमात्र श्रीमति प्रतिमा देवी यादव रहेकोले मरुवा संझा देवी यादवको नाम दर्ताको माथि उल्लेखित जग्गाहरु छोरा बुहारी नाता पर्ने प्रतिमा देवी यादवको नाममा नामसारी गरि दिन सिफारिश भई आएको हुँदा उक्त जग्गाहरु माग गर्नेको सो जग्गामा निज निवेदीकाको हक पुग्छ कि पुग्दैन? कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदीका र मृतकविच के नाता सम्बन्ध रहेको छ ? ज.ध.को के कति छोरा-छोरी छन्? सो जग्गा कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? माग अनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैन? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटो को म्यादबाहेक स- प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानुन बमोजिम भई जानेछ।

### सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई/बैंकबाट प्रवाह भएको कर्जा व्यवसायमा नलगाई अन्यत्र लगानी गरेको पाईएकोले/नविकरणका लागी आवश्यक कागजात नबुझाएको कारणले कर्जा नविकरण गर्न नसकिई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| जिम्दार महतो कोईरीको नाति, रामाज्ञा महतो कोईरीको छोरा, रौतहट जिल्ला, साविक डुमरिया (प) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, ईशनाथ न.पा. वडा नं. ९ बस्ने **बुनिलाल महतो** (ना.प्र.नं. १५४०, जारी मिति २०५१/०९/१८, जि.प्र.का. रौतहट, गौर)। | रामाज्ञा महतो कोईरीकी बुहारी, बुनिलाल महतोकी पत्नी, रौतहट जिल्ला, साविक डुमरिया (प) गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, ईशनाथ न.पा. वडा नं. ९ बस्ने **रम्भा देवी** (ना.प्र.नं. ३२३०३०/८७, जारी मिति २०६३/१०/०८, जि.प्र.का. रौतहट)। |

धितोको विवरण

१. बुनिलाल महतो (ना.प्र.नं. १५४०, जारी मिति २०५१/०९/१८, जि.प्र.का. रौतहट, गौर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरिया प. गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ हाल रौतहट जिल्ला, ईशनाथ न.पा. वडा नं. ९ स्थित कि.नं. ८८६ र ८८७ को क्षेत्रफल क्रमशः ०-२-२-८ र ०-२-०-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी बुनिलाल महतो भएको नारायणी यातायात कार्यालयमा दर्ता कायम भएको तपसिल बमोजिमको सवारी साधनः

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| AL U-2518IL 6X4 TIPPER-3900 | प्रदेश-२-०३-००१ ख २४८६ | LMHZ417924 | MB1HTLFC7LRMJ1336 |

Siddhartha Bank

शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

### धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०३/११ गते/स्थान : शाखा कार्यालय रामगोपालपुर, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०३/१५ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | **नाम : दान बहादुर समाल**<br>ना.प्र.नं. १४७८३२३१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/०५/३१<br>बाबुको नाम : ज्ञान बहादुर समाल मगर<br>बाजेको नाम : मेघ वरण समाल<br>ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ | **नाम : अन्जना समाल**<br>ना.प्र.नं. १८३०७१/८८२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१७<br>पतिको नाम : दान बहादुर समाल<br>ससुराको नाम : ज्ञान बहादुर समाल मगर<br>ठेगाना : महोत्तरी जिल्ला, रामनगर वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ |
| | धितोको विवरण | |
| | १. दान बहादुर समालको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. ३, नक्सा सिट नं. ३ ख स्थित कित्ता नं. ३६०१ को क्षेत्रफल ०-०-५-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. अन्जना समालको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. ३, नक्सा सिट नं. ३ ख स्थित कित्ता नं. ३४७३ को क्षेत्रफल ०-०-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# करोडौं लागतको व्यापारिक भवन प्रयोगविहिन

**टुडे समाचारदाता**

मलंगवा। पालिका, प्रदेश तथा संघीय सरकारले सर्लाही जिल्लामा करोडौं रुपैयाँ खर्चिएर निर्माण गरेका दर्जनौं व्यापारिक तथा अन्य प्रयोजनका भवन प्रयोगविहीन अवस्थामा पुगेको छ।



२०८१ फागुन १२ गते तत्कालीन उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले जिल्लाको प्रमुख बजार लालबन्दी नगरपालिका-७ स्थित साझा संस्थाको प्रांगणमा उद्घाटन गरेको ती बहुउद्देश्यीय भवन अझैसम्म प्रयोगमा आउन सकेको छैन।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय धनुषाले करिब ४ करोड ४१ लाख रुपैयाँ लागतमा निर्माण गरेको उक्त भवन प्रयोगमा ल्याउने विषयमा कुनै निकायले पहल नगरेको बताइएको छ। भवनको भुइँतलामा १७ वटा व्यापारिक सटर, पहिलो तलामा तीन वटा च्याम्बर कोठा तथा तेस्रो तलामा एक च्याम्बरसहित हल र शौचालयको सुविधा रहेको छ।

लामो समयदेखि प्रयोगमा नआएका ती भवन कतै तोडफोड हुने अवस्थामा छन् भने कतै जीर्ण बन्दै गएको स्थानीयवासीले गुनासो गरेका छन्। लालबन्दी नगरपालिका-७ का वडाध्यक्ष कृष्णकुमार कार्कीले साझा संस्था र नगरपालिकाबीच भवन प्रयोगका विषयमा सहमति नजुटेकाले सञ्चालनमा समस्या आएको बताएका छन।

उनले भने, "भवन बनेको जग्गा साझा संस्थाको भएकाले नगरपालिकाले प्रयोगसम्बन्धी निर्णय गर्न सकेको छैन।" उनले भवन जुन उद्देश्यका लागि निर्माण गरिएको हो, सोहीअनुसार प्रयोगमा ल्याउन नसकिएको स्वीकार गरे।

यस्तै, लालबन्दी नगरपालिकाका वडा नं. ४, ७, ८ र १० लगायत स्थानमा निर्माण गरिएका अन्य व्यापारिक भवनहरू पनि प्रयोगविहीन रहेका छन्। नगर विकास कोषको ऋण सहयोगमा लालबन्दी नगरपालिका-७ डुमडुमेमा निर्माण गरिएको व्यापारिक कम्प्लेक्स पनि लामो समयदेखि अलपत्र अवस्थामा छ। करिब ६ करोड ४१ लाख रुपैयाँ खर्चेर निर्माण गरिएको उक्त भवन भाडामा लगाउन नगरपालिकाले पटक-पटक सूचना जारी गर्दै आएको छ।

यता हरिवन नगरपालिकामा पनि करोडौं रुपैयाँ खर्चिएर निर्माण गरिएका व्यापारिक भवन प्रयोगमा आउन सकेका छैनन्। हरिवन नगरपालिका-११ बजार क्षेत्रमा निर्माण गरिएका आठ वटा भवनमा १४६ वटा सटर रहेका छन्। उद्योग वाणिज्य संघ हरिवनका अध्यक्ष प्रयागराज पोतेले भवनमा पानी, बिजुली र शौचालयजस्ता आधारभूत पूर्वाधारको अभावले व्यापारी बस्न नसकेको बताए।

सर्लाहीका हरिपुर, ईश्वरपुर, बरहथवा, मलंगवा लगायतका पालिकामा समेत यस्तै प्रकृतिका भवनहरू प्रयोगविहीन अवस्थामा रहेका छन्।

# भयावह बन्दै मधेशमा सडक दुर्घटना

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशमा सडक दुर्घटना भयावह बन्दै गएको तथ्यांक सार्वजनिक भएको छ । पछिल्लो पांच वर्षमा प्रदेशभर आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म २१ हजार ९८९ वटा सडक दुर्घटना हुँदा २ हजार ७४८ जनाले ज्यान गुमाएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार उक्त अवधिमा ४२ हजार ६३७ वटा सवारी साधन दुर्घटनामा परेका छन्। दुर्घटनाका कारण १० हजार ८६६ जना गम्भीर घाइते भएका छन् भने ३६ हजार ४४२ जना सामान्य घाइते भएका छन्।

यसले मधेशमा सडक सुरक्षा गम्भीर चुनौतीका रूपमा रहेको देखाएको छ।

जिल्लागत विवरणअनुसार मधेश प्रदेशमा सबैभन्दा बढी सडक दुर्घटना धनुषा जिल्लामा भएका छन् । गत पाँच वर्षको अवधिमा धनुषामा ४ हजार ८६८ दुर्घटना हुँदा ४२८ जनाको मृत्यु भएको छ भने २ हजार ९४३ जना गम्भीर घाइते भएका छन्।

दुर्घटनाको संख्याका आधारमा बारा दोस्रो स्थानमा रहेको छ। बारामा ४ हजार ४६८ दुर्घटना हुँदा ४१६ जनाको मृत्यु भएको छ भने ७८१ जना गम्भीर घाइते भएको छ भने सर्लाहीमा ४ हजार ७२ दुर्घटना हुँदा ३३६ जनाले ज्यान गुमाएका छन् र २ हजार १३२ जना गम्भीर घाइते भएका छन् । सिरहामा ३ हजार ५२६ दुर्घटनामा ३७९ जनाको मृत्यु भएको छ भने १ हजार ७७८ जना गम्भीर घाइते भएका छन्।

त्यस्तै, सप्तरीमा ३ हजार ७२० दुर्घटनामा ३८३ जनाको मृत्यु भएको छ । रौतहटमा ३ हजार ४०३ दुर्घटनामा ३०० जनाले ज्यान गुमाएका छन् भने महोत्तरीमा ३ हजार ९१ दुर्घटनामा २९८ जनाको मृत्यु भएको छ भने प्रदेशका आठ जिल्लामध्ये पर्सामा सबैभन्दा कम २ हजार ३५ दुर्घटना हुँदा २०८ जनाको मृत्यु भएको छ भने ३६५ जना गम्भीर घाइते भएका छन्।

तथ्यांक राष्ट्रिय सडक सुरक्षा परिषद्, भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश तथा एशियाली विकास बैंकको संयुक्त आयोजनामा सम्पन्न सडक सुरक्षा सम्बन्धी कार्यशालामा सार्वजनिक गरिएको सो तथ्यांकले दुर्घटनाको संख्या अन्य जिल्लाको तुलनामा कम भए पनि ज्यान गुमाउने र घाइते हुनेको संख्या उल्लेखनीय रहेको देखिन्छ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी ओम अधिकारीले प्रदेशको बढ्दो जनसंख्या, सवारी साधनको चाप र सडक सञ्जालको विस्तारका कारण दुर्घटना नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको बताए । उनले ट्राफिक व्यवस्थापन, सडक अनुशासन र जनचेतनामूलक अभियानलाई प्रभावकारी बनाउन सबै निकायबीच समन्वय आवश्यक रहेको उल्लेख गरे।

तथ्यांकले मधेश प्रदेशमा औसत रूपमा हरेक दिन करिब १२ वटा सडक दुर्घटना हुने र प्रत्येक दुई दिनमा कम्तीमा एक जनाभन्दा बढी व्यक्तिले ज्यान गुमाउने अवस्था रहेको देखाएको छ । तीव्र गति, ट्राफिक नियम उल्लङ्घन, सडक पूर्वाधारका कमजोरी तथा सवारी चालकको लापरवाही दुर्घटनाका प्रमुख कारणका रूपमा देखिएका छन्।

# ट्र्याक्टरको ठक्करबाट वृद्धको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। रौतहटको गढीमाई नगरपालिका-२ समनपुर बजारमा ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा पछाडि सवार एक वृद्धको मृत्यु भएको छ।

बिहीबार दिउँसो करिब १२:४५ बजे गरुडा-समनपुर सडकखण्डमा समनपुरबाट हजरियातर्फ जाँदै गरेको ना ३ त २३३७ नम्बरको ट्र्याक्टरले सोही दिशातर्फ गइरहेको प्रदेश २-०३-००२ प ९८२ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गढीमाई नगरपालिका-४ सुन्दरपुर निवासी ६० वर्षीय रामानन्द महरा गम्भीर घाइते भएका थिए। उनको ढाड तथा अण्डकोषमा गम्भीर चोट लागेको थियो। उनलाई तत्काल गरुडास्थित बेटर नेपाल अस्पतालमा पुऱ्याई प्रारम्भिक उपचार गरिएपछि थप उपचारका लागि वीरगञ्ज रिफर गरिएको थियो।

तर वीरगञ्ज लैजाने क्रममा दिउँसो करिब १:४५ बजे बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिएका छन्। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ।

प्रहरीले ट्र्याक्टर चालक गरुडा नगरपालिका-५ निवासी ३९ वर्षीय रामकिशुन यादवलाई नियन्त्रणमा लिएको छ।

# मेयर-प्रमुख प्रशासकीय अधिकृतबीच विवाद चर्किंदै

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको गरुडा नगरपालिकामा नगरप्रमुख कन्थमणि प्रसाद जैसवाल र प्रमुख प्रशासकीय अधिकृत नीलम न्यौपानेबीचको सम्बन्ध पछिल्लो समय तनावपूर्ण बन्दै गएको छ । नगर नेतृत्व र प्रशासनिक नेतृत्वबीचको बढ्दो विवादले विकास निर्माणका काम तथा सेवा प्रवाह प्रभावित हुन सक्ने भन्दै स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन्।




स्थानीय स्रोतका अनुसार नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच लामो समयदेखि बढ्दै आएको असमझदारी पछिल्लो समय थप सतहमा आएको हो । नगरप्रमुख जैसवाल पक्षले प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले आवश्यक समन्वय नगरेको तथा प्रशासनिक काममा अवरोध सिर्जना गरेको आरोप लगाउने गरेको बताइएको छ।

यता प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले भने आफूले कानुन र नियमविपरीतका निर्णयमा सहमति नजनाएपछि आफ्नो विरुद्ध वातावरण बनाउने प्रयास भइरहेको दाबी गरेका छन्। उनले आफू नेपाल सरकारको प्रचलित कानुन र कार्यविधिअनुसार काम गरिरहेको बताउँदै आएका छन्।

स्थानीय तहभित्रको यो विवादका कारण केही कार्यपालिका सदस्यहरू समेत दुई धारमा विभाजित भएको चर्चा छ। यसले निर्णय प्रक्रिया, योजना कार्यान्वयन तथा प्रशासनिक कामकारबाहीमा असर पर्न सक्ने देखिएको छ।

स्थानीय राजनीतिक वृत्तमा नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतको सरुवा वा परिवर्तनका लागि दबाब सिर्जना गर्न खोजेको चर्चा चलिरहेका बेला अर्को पक्षबाट नगरपालिकाका विगतका आर्थिक गतिविधिबारे समेत प्रश्न उठाउन थालिएको बताइन्छ । यद्यपि दुवै पक्षले एकअर्कामाथि लगाइएका आरोपहरू औपचारिक रूपमा पुष्टि भएका छैनन्।

विकास बजेट खर्च तथा योजनाको कार्यान्वयनका लागि असार महिना महत्वपूर्ण मानिएको अवस्थामा नेतृत्व तहमा देखिएको विवादले विकास निर्माणका काममा ढिलाइ हुने र सेवाग्राहीले सास्ती खेप्नुपर्ने अवस्था आउन सक्ने स्थानीयको भनाइ छ।

मेयर कन्थमनी प्रसाद जैसवाल निर्वाचित भएदेखिनै आफूलाई आर्थिक लाभ हुने किसिमको योजनाहरू सञ्चालन गर्दै आएका थिए। बिगतमा निमित प्रमुख प्रशासकिय अधिकृतहरु मेयर जैसवाल कै हालीमुहाली गर्ने गरेका थिए।

साथै भागबण्डाको आधारमा कामकाज चलाउँदै आएका थिए । पछिल्लो समय प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारमा प्रायः प्रत्येक पालिक प्रमुखमा सहसचिव वा उपसचिवलाई जिम्मेवारी दिएको श्रोतको दाबी छ।

सोही नीति अनुसार गरुडा नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृत को रुपमा उपसचिव निलम न्यौपाने केही महिना देखि जिम्मेवारी सम्भालेका छ न। न्यौपाने कसैको आदेशमा नभई नेपाल सरकारको नियम कानुन अनुसार काम कारवाही गर्न थालेपछि मेयर जैसवाल र उनका मतियारहरुको छट्पटी बढेको छ । लगातार ४ बर्ष गरुडा नगरपालिका को करोडौं रुपैयाँ बिभिन्न योजनाको नाउँमा कुम्ल्याएको मेयर जैसवाल र उनको मतियार अन्तिम बर्ष चाहना अनुसार गर्न नपाएर प्रमुख प्रशासकिय अधिकृत उपसचिव न्यौपाने माथी बिभिन्न आरोप प्रत्यारोप लगाउँदै आएका छन्।

# मधेशमा स्वर्णविन्दु थोपा शुभारम्भ

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा आयुर्वेदको 'स्वर्णविन्दु थोपा' खुवाउने अभियानको औपचारिक शुभारम्भ भएको छ।

प्रादेशिक आयुर्वेदतथावैकल्पिकचिकित्सालय जनकपुरधामको आयोजनामा सुरु भएको कार्यक्रमको औपचारिक शुभारम्भ मधेश प्रदेशका सभामुख रामआशिष यादवले बिहीवार एक कार्यक्रमका बीच गरेका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले स्वस्थ, स्वच्छ र समृद्ध प्रदेश निर्माणका लागि यस्ता आयुर्वेदिक अभियानहरू प्रभावकारी हुने बताए । उनले पछिल्लो समय नसर्ने रोगहरू बढ्दै गएको उल्लेख गर्दै आयुर्वेदिक उपचार तथा जीवनशैली अपनाउँदा रोग रोकथाम र व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्नेमा जोड दिए।




सभामुख यादवले एकदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खुवाइने स्वर्णविन्दु थोपा उनीहरूको रोग प्रतिरोधात्मक क्षमता विकासमा उपयोगी हुने विश्वास व्यक्त गरे। साथै, मधेश प्रदेशलाई आयुर्वेद तथा वैकल्पिक उपचारको केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको बताए।

आयुर्वेद विभागका निवर्तमान महानिर्देशक डा. श्यामबाबु यादवका अनुसार हाल यो कार्यक्रम मधेश प्रदेशका आठ जिल्लासहित देशका ४१ जिल्लामा सञ्चालन भइरहेको छ। उनले आगामी आर्थिक वर्षदेखि कार्यक्रमलाई देशका सबै ७७ जिल्लामा विस्तार गर्ने तयारी भइरहेको जानकारी दिए।

त्यस्तै, आयुर्वेद विभाग अनुसन्धान महाशाखा प्रमुख डा. पुनेश्वर केसरीले स्वर्णविन्दु थोपाले बालबालिकाको शारीरिक प्रतिरोधात्मक क्षमता र मानसिक विकासमा सकारात्मक प्रभाव पार्ने अनुसन्धानबाट पुष्टि भएको दाबी गर्दै अभिभावकलाई ढुक्क भएर आफ्ना बालबालिकालाई यो थोपा खुवाउन आग्रह गरे।

# पुस्तकालय भवनको उद्घाटन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको नवनिर्मित पुस्तकालय भवनको उद्घाटन गरिएको छ । बिहीवार एक कार्यक्रमका बीच प्रदेश सभाका सभामुख रामआशिष यादवले सो नवनिर्मित भवनको उद्घाटन गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले कानून बनाउने प्रदेश सांसदका लागि पुस्तकको ज्ञान अति नै आवश्यक हुन्छ । पहिला एक कोठामा सिमित रहेको पुस्तकालयमा सांसदहरुलाई अध्ययन गर्न निकै समस्या हुँदै आएकाले आधुनिकस्तरको फराकिलो पुस्तकालय भवनको निर्माण गरिएको बताए।

उनले भने एउटा कानून सांसदलाई देश विदेशका ऐतिहासिक घटना, विभिन्न संसदहरुको संसदीय अभ्यास, आफू सांसद रहेका संसदको गतिविधि, विभिन्न नीति नियम, कानून, अदालतका पुराना नजिरहरु, साहित्य कला संस्कृति बारे अध्ययन हुन जरुरी छ र त्यसका लागि किताबी ज्ञान आवश्यक रहेकाले पुस्तकालयलाई विस्तार गरिएको हो।


सो पुस्तकालयमा राजनीतिक, ऐतिहासिक दस्तावेज, कानूनी नजिरहरु साहित्य संस्कृति र विभिन्न संसदीय अभ्यासका हाल १ हजार १२९ पुस्तकहरु राखिएका छन् । अन्य पुस्तकहरु विस्तारै थपिदै जाने प्रदेश सभा सचिवालयले जनाएको छ।

सो पुस्तकालय भवन उद्घाटन कार्यक्रममा उपसभामुख बबिता राउत ईशर, श्रम तथा रोजगार मन्त्री शारदा थापा, सांसदहरु सुरिता साह, अन्जना पण्डित लगायत पत्रकारहरुको सहभागिता रहेको थियो।

# विद्युत कटौतीले जनजीवन कष्टकर

**टुडे समाचारदाता**

जनकपुरधाम । उखरमाउलो गर्मी झेलिरहेका मधेस प्रदेशका बासिन्दा यतिखेर नेपाल विद्युत् प्राधिकरणको अनियमित विद्युत् आपूर्ति र कम भोल्टेजको दोहोरो मारमा परेका छन्।



अत्यधिक गर्मीका बेला बिनासूचना बारम्बार हुने अघोषित विद्युत् कटौती (लोडसेडिङ) र कम भोल्टेजको समस्याले प्रादेशिक राजधानी जनकपुरधामसहित समग्र मधेसकै जनजीवन कष्टकर बनेको छ भने नागरिकमा आक्रोश चुलिँदै गएको छ।

विद्युत् आपूर्ति ठप्प र कम भोल्टेज हुँदा सर्वसाधारणले पंखा र कुलर समेत चलाउन पाएका छैनन्, जसका कारण विशेषगरी बालबालिका, वृद्धवृद्धा र बिरामीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । अघोषित कटौतीले घरायसी कामकाज मात्र नभई व्यापार व्यवसाय, स्वास्थ्य सेवा र दैनिक जीवन नै गम्भीर असर परेको छ।

प्रादेशिक राजधानी जनकपुरधाम-४ का विनोद साह र वडा नम्बर १० का रितेश कर्णले पूर्वजानकारी बिना झ्याप्प-झ्याप्प लाइन काटिँदा र कम भोल्टेजले घरका महँगा विद्युतीय उपकरणहरू बिग्रिने जोखिम बढेको भन्दै आक्रोश व्यक्त गरेका छन्।

यस्तै महोत्तरीको जलेश्वर नगरपालिका-२ का जानकी साह पटक-पटक लाइन काटिने प्रवृत्तिबाट दिक्क भइसकेको गुनासो गर्छन् । जलेश्वरकै राजु पाण्डे र सुरेश झाले प्राधिकरण नागरिकलाई अन्धकारमा राखेर आफ्नो जिम्मेवारीबाट पन्छिन नमिल्ने भन्दै नियमित मर्मतसम्भार र पूर्वसूचना प्रवाहको माग गरेका छन्।

उपभोक्ताको यो आक्रोशबारे जलेश्वर वितरण केन्द्रका प्रमुख इन्जिनियर रोशन कुमार सिंहले नागरिकको गुनासो जायज भएको स्वीकारेका छन् । तर, समस्या समाधानमा केही व्यावहारिक कठिनाइ रहेको उनको तर्क छ।

मधेस प्रदेशमा कुल २३ वटा वितरण केन्द्रमार्फत विद्युत् प्रवाह भइरहेको छ । प्राधिकरणको मधेस प्रादेशिक कार्यालयका प्रमुख शम्भु कुसियैत यादवले अत्यधिक गर्मीका कारण ट्रान्सफर्मर तथा मेसिनहरू तातेर बिग्रने गरेको र पुराना संरचनाले लोड धान्न नसकेको बताए।

यादवले यो समस्याको दीर्घकालीन समाधानका लागि प्रदेशभर करिब ४ अर्ब रुपैयाँको लगानीमा ५२५ वटा नयाँ ट्रान्सफर्मर जडान गर्ने ठुलो परियोजना सुरु भइसकेको जानकारी दिए।

उपभोक्ताका गुनासा सुन्न आफू राति १२ बजेसम्म कल सेन्टरमै खटिने गरेको दाबी गर्दै उनले आगामी दिनमा सेवामा थप सुधार आउने आश्वासन दिएका छन्।

# तस्करले गरे प्रहरीमाथि आक्रमण

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको दक्षिणी सीमा क्षेत्र बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीमा तस्करी नियन्त्रण गर्न पुगेका प्रहरीमाथि तस्करहरुले आक्रमण गरेका छन्।




बिहिवार बिहान भएको उक्त घटनामा प्रहरी चौकी रामनगर कोदरकट्टीका इन्चार्ज असई रामकुमार यादव तस्करहरुको आक्रमणबाट घाइते भएका छन।

प्रहरी स्रोतका अनुसार बिहान करिब ४ बजेतिर सीमा स्तम्भ नम्बर २४३ नजिकबाट कपडा तस्करी भइरहेको विशेष सूचना प्राप्त भएपछि रामनगर कोदरकट्टी प्रहरी चौकीबाट खटिएको टोली घटनास्थल पुगेर तस्करीको सामान नियन्त्रणमा लिन खोज्दा तस्कर हरुले प्रतिकार गर्दै आक्रमण गरेका थिए।

स्थानीय स्रोतका अनुसार तस्कर समूहले भारतीय पक्षका केही व्यक्तिलाई समेत बोलाएर प्रहरी टोलीमाथि ढुंगामुढा तथा कुटपिट गरेको थियो। अचानक भएको आक्रमणमा प्रहरी चौकीका इन्चार्ज असई यादव सामान्य घाइते भएका छन् । घटनापछि केही समय सीमा क्षेत्रको अवस्था तनावपूर्ण बनेको थियो।

घटनाको जानकारी पाएलगत्तै थप सुरक्षा टोली परिचालन गरिएको थियो । सुरक्षा निकायको सक्रियतापछि अवस्था नियन्त्रणमा आएको जनाइएको छ । यद्यपि घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य जारी रहेको सप्तरी प्रहरीले जनाएको छ।

घटना बारे जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी डिएसपी हेमराज घिमिरेले प्रहरीमाथि कुटपिट भएको पुष्टि गरेका छन् । उनले भने घटनाको वास्तविक कारण र संलग्न व्यक्तिहरूको पहिचानका लागि अनुसन्धान भइरहेको छ।

"प्रहरी टोलीमाथि आक्रमण भएको विषय सत्य हो । घटनाबारे विस्तृत अनुसन्धान भइरहेको छ । संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन आवश्यक प्रक्रिया अघि बढाइएको छ," डीएसपी घिमिरेले बताए।

सप्तरीको दक्षिणी सीमा क्षेत्रमा पछिल्लो समय कपडा, किराना तथा अन्य उपभोग्य वस्तुको अवैध ओसारपसार बढ्दै गएको भन्दै सुरक्षा निकायले निगरानी कडा बनाएको छ । तस्करी नियन्त्रणका क्रममा प्रहरीमाथि नै आक्रमण भएको घटनाले सीमा सुरक्षासम्बन्धी चुनौती थपिएको देखिन्छ।

विपद् जोखिम न्यूनीकरणको पुर्वतयारी गरौं

- वर्षाको समयमा बाढी पहिरो तथा चटयाङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदी किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घरपरिवार र छिमेकीहरुसंग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८